# संघीय संसद
# प्रतिनिधि सभा
### चौथो अधिवेशन
## बैठक संख्या - ५९

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ २९ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री बालकृष्ण खांणलाई समय दिनुहुँदा उहाँले वि.पी. दिवसको दिन नेपालगञ्जमा सञ्चालन भैरहेको नेपाली काँग्रेसको राष्ट्रिय जागरण कार्यक्रममा सत्तापक्षका कार्यकर्ताहरुबाट सभाहल बाहिर र भित्र नाराजुलुस लगाउने कार्य गरी जिल्ला सभापति लगायतका नेताहरुलाई समेत आक्रमण गरेको भन्नुहुँदै उक्त घटनाका सम्बन्धमा गृहमन्त्रीबाट सदनमा चित्तबुझ्दो जवाफ नआएसम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले बाँके जिल्लाको खजुरामा नेपाली काँग्रेसको राष्ट्रिय जागरण कार्यक्रममा नाराजुलुस र जिल्ला सभापति लगायत घाइते हुनु भएको घटना सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नु भएको प्रश्नको सम्बन्धमा मा० गृह मन्त्री श्री रामबहादुर थापाले स्पष्ट पार्नुभयो ।

१. मा० श्री बालकृष्ण खांण
२. मा० श्री सरिता गिरी
३. मा० श्री दिलेन्द्र प्रसाद बडू
४. मा० श्री पुष्पा भुसाल (गौतम)
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री तेजुलाल चौधरी
७. मा० श्री प्रकाश रसाईली (स्नेही)
८. मा० श्री रामबहादुर विष्ट
९. मा० श्री डिला सँग्रौला (पंत)
१०. मा० श्री सरवत आरा खानम
११. मा० श्री पार्वता डि.सी. (चौधरी)
१२. मा० श्री हिरा गुरुङ्ग
१३. मा० श्री संजय कुमार गौतम
१४. मा० श्री देवप्रसाद तिमलसेना
१५. मा० श्री गगन कुमार थापा

त्यसपछि मा० गृह मन्त्रीको जवाफ सकिनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम)लाई समय दिनुहुँदा उहाँले मा० गृहमन्त्रीको जवाफ चित्तबुझ्दो नभएको र बाँके घटनाका सम्बन्धमा दिइएको किटानी जाहेरी दर्ता नभएसम्म यो सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषय र बाँके घटनालाई सरकारले गम्भिरतापूर्वक लिएको र घटनाको दोषीलाई कडा कारवाही गरिनेछ भनी मा० गृहमन्त्रीले भनीसक्नुभएकोले आ-आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्नुहुन बारम्बार आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि बैठक १० मिनेटको स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आजै १० मिनेटपछि बस्नेगरी दिनको ३:०० बजे बस्नेगरी दिनको २:१० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै दश मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयका सम्बन्धमा मा० गृहमन्त्रीले स्पष्ट जवाफ दिइसक्नुभएकोले आ-आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्नुहुन बारम्बार आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि बैठक २०७६ साल भदौ ३० गते दिनको ३:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल भदौ ३० गते सोमबार दिनको ३:०० बजे बस्नेगरी दिनको ४:२५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव